महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

त्रिपुरासुन्दरी गाउँपालिका

सिन्धुपाल्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

त्रिपुरासुन्दरी गाउँपालिका

सिन्धुपाल्चोक



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

त्रिपुरासुन्दरी गाउँपालिका

सिन्धुपाल्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. १२२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
त्रिपुरासुन्दरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ८१ लाख ८१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ३३ लाख १० हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु ३५ लाख १ हजार र पेश्की रू. १ लाख रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५ करोड २४ लाख १३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ५ करोड ४५ लाख ७८ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. पालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
६३	११२	८१८१	०	६२	३३१०	६३	५०	४८७०	९०२	३५०१	३६७	०	०	३८६८	१००

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	४४	पोषण स्वयं सेबक हरिश चन्द्र बस्नेत र अध्यक्ष भुपेन्द्र श्रेष्ठले टयाब र ल्यापटप बरबुझारथ गरेको प्रमाण पेश गरेको।	१३६
२	४०.१	रकम दाखिला गरेको प्रमाण पेश	४३
३	४०.२	रकम दाखिला गरेको प्रमाण	१९५
४	४२	प्रमाण पेश गरेको	६८६
५	४६	रकम दाखिला गरेको प्रमाण पेश	३४
६	४७	बिल भरपाई पेश गरेको	३८०
७	५२.१	नपुग रकम दाखिला गरेको प्रमाण पेश	१३
८	५२.६	प्रमाण पेश गरेको	१७४
९	५२.९	सक्कल बिल पेश गरेको	३९
१०	५२.१०	दाखिला गरेको प्रमाण पेश	६
११	५२.११	दाखिला गरेको प्रमाण पेश	५
१२	**५२.१२**	दुई जना शिक्षक राजु दुलाल र भजन प्रधानको दाखिला	१५
१३	**५२.१३**	रकम दाखिला भएको प्रमाण पेश	१०
१४	**५२.१६**	बाघ भैरव मावि र कालिका मावि टेकानपुरको रकम दाखिला भएको प्रमाण पेश	२०
१५	**६१.१**	डोमि खाताको रकम फिर्ता गरेको प्रमाण पेश गरेको	११०
१६	**६१.२**	सामाजिक सुरक्षा तर्फको रकम दाखिला गरेको प्रमाण पेश	९२
१७	**७१**	१८ जनाको रकम दाखिला गरेको प्रमाण पेश	४८
१८	**७२.१**	सम्झौता गरेको प्रमाण पेश	३००
१८	**७३**	डिपिआर दाखिला गरेको प्रमाण पेश	७७४
१९	**७६**	बिद्यालयको जिन्सि खातामा जिन्सि सामान दाखिला गरेको प्रमाण पेश	१९९
२०	**८१**	राजस्व खातामा रकम दाखिला गरेको प्रमाण पेश	३१
		जम्मा	३३१०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
त्रिपुरासुन्दरी गाँउपालिका सिन्धुपाल्चोक	५२४१३	०	२७०६	४९७०७	०	४८७१	५४५७८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : त्रिपुरासन्दरी गाउँपालिका, सिन्धुपाल्चोक , त्रिपुरासुन्दरी गाउँपालिका , सिन्धुपाल्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	लक्ष्मण कुईकेल	२०७८-६-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	४,८७०,३९९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७,६८,९३,११२.५३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२७,५५,१४,०००	**चालु खर्च**	२३,३७,१२,९३०.५
प्रदेश सरकारबाट अनुदान	४,६९,४०,०००	**पूँजीगत खर्च**	१३,६०,३५,८७२.८
राजश्व बाँडफाँट	६,७०,५०,७०९.०३	**वितीय/अन्य व्यवस्था**	१४,६३,४५,८४६.७४
आन्तरिक आय	१,३०,११,९४१.५		
अन्य आय	८,३८,५१,५२०.६९		
कुल आय	४८,६३,६८,१७१.२२	**कुल खर्च**	५१,६०,९४,६५०.०४
बाँकी मौज्दात		४,७१,६६,६३३.९६	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ९४.२८ वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या १२५६४ रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणका क्रममा दाखिला
पालिकाले मिति २०७९।६।६ मा प्रदेश लेखा इकाइ कार्यालयमा नेपाल बैंक लि. भौचर नं ३८५०५३४५ मार्फत प्रदेश तर्फको अनुदान फिर्ता बापत रु.१६३१५३८२ फिर्ता भएको र मिति २०७९।६।६ मा को.ले.नि.का.मा नेपाल बैंक लि को भौचर नं ३८५०५२५० मार्फत अनुदान फिर्ता १५११३ शीर्षकमा संघतर्फको अनुदान फिर्ता बापतको रु.१६१९८७४३.९८ दाखिला गरि कुल रु३२५१४१२५।९८ दाखिला गरेको प्रमाण पेश भएको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>एकीकृत आय व्यय
एकीकृत आय व्ययः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को एकिकृत आय व्यय निम्न वमोजिम रहेको छ ।
<table>
<tr><td>सि.नं</td><td colspan="2">आयतर्फ</td><td>सि.नं</td><td colspan="2">व्ययतर्फ</td></tr>
<tr><td></td><td>विवरण</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td>७६८९३११३</td><td>१</td><td>चालु खर्च</td><td>२३३७१२९३१</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				क) नगद	०	२	पूँजीगत खर्च	१३६०३५८७३	
				ख) सञ्चितकोष बैंक	७३८४६४२९	३	प्रकोप व्यवस्थापन कोष खर्च	४१०५६६४	
				ग धरौटी	१४८७६७९	४	अन्तर स्थानीय तहबाट खर्च	७६०२७६९४	
				घ प्रकोष व्यवस्थापन कोष खाता	१५५९००५		क) सामाजिक सुरक्षा	७०७७२९२०	
			२	राजस्व (आन्तरिक आय)	८००६२६५१		ख)भौतिक पूर्वाधार विकास मन्त्रालय	३७५४८५२	
				क) आन्तरिक राजस्व	१३०११९४२		ग)पर्यटन प्रवर्धन थत पूर्वाधार विकास कार्यक्रम	८२८२९१	
				ख) राजस्व बाँडफाँड	६७०५०७०९		घ)प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम	६७१६३१	
			३	वित्तिय हस्तान्तरण संघ	२७५५१४०००				
				क) वित्तिय समानीकरण अनुदान	९८५०००००				
				ख) सशर्त अनुदान चालु	१६६३६४०००	५	सञ्चितकोष खाताबाट विविध कोष खातामा ट्रान्सफर	४२००००	
				ग) सशर्त अनुदान पुँजिगत	१०६५००००	६	धरौटी फिर्ता	६४६५००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			४	प्रदेश सरकारबाट प्राप्त अनुदान	४६९४००००	७	विविध खर्च खाताबाट खर्च	१६२७६६	
				क) वित्तिय समानीकरण अनुदान	८०६९०००	८	सञ्चितकोष खाताबाट प्रकोप व्यवस्थापन कोष खातामा ट्रान्सफर	५७०००००	
				ख) सशर्त अनुदान	१७८७१०००	९	कट्टी रकम दाखिला गर्न बाँकि	६८०६६	
				ग) समपुरक अनुदान	१५००००००	१०	गत आ व २०७७/७८ को अनुदान फिर्ता	५९२१५१५६	
				घ) विशेष अनुदान	६००००००	११	मौज्दात	४७१६६६३४	
			५	अन्तर स्थानीय तहबाट प्राप्त	७६०२७६९४		क) सञ्चितकोष मौज्दात	४१८५६२८८	
				क) सामाजिक सुरक्षा	७०७७२९२०		ख) धरौटी मौज्दात	१८५७००५	
				ख)भौतिक पूर्वाधार विकास मन्त्रालय	३७५४८५२		ग)प्रकोप व्यवस्थापन कोष मौज्दात	३४५३३४१	
				ग)पर्यटन प्रवर्धन थत पूर्वाधार विकास कार्यक्रम	८२८२९१				
				घ)प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम	६७१६३१				

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>अन्य</td><td>६८०८०००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>क)प्रकोप व्यवस्थापन कोष</td><td>६००००००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>ख)विविध खर्च खाता</td><td>३८८०००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>ग) सडक बोर्ड नेपाल</td><td>४२००००</td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td>धरौटी आय</td><td>१०१५८२७</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>५६३२६१२८४</td><td></td><td>जम्मा</td><td>५६३२६१२८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
योजना र कार्यान्वयन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>९६</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>२७३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>२०</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>२१</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४११</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरण
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>अनुदान फिर्ता
संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा लेखापरीक्षणका क्रममा निम्नानुसार दाखिला भएको देखियो ।
<table>
<tr><td>विवरण</td><td>प्राप्ति</td><td>खर्च</td><td>बाकी</td><td>कैफियत</td></tr>
<tr><td>संघीय सरकारबाट</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१३३१२ शसर्त अनुदान चालु	१६६३६४०००	१५,०९,६०,३१७.९४	१,४१,७७,२०४.०	मिति २०७९।६।६ मा को.ले.नि.का.मा नेपाल बैंक लि को भौचर नं ३८५०५२५० मार्फत अनुदान फिर्ता १५११३ शीर्षकमा संघतर्फको अनुदान फिर्ता बापतको रु.१६१९८७४३.९८ दाखिला गरेकोले बाँकी नरहेको ।
शसर्त अनुदान पूजीगत	१०६५००००	१,१८,३१,१५२.६२	२०,२१,५३९.३८	
	१७७०१४०००		१,६१,९८,७४३.४	
प्रदेश सरकारबाट				
१३३१२ शसर्त अनुदान	१७८७१०००	१,५२,६४,१९८	६,३०,५८८	मिति २०७९।६।६ मा प्रदेश लेखा इकाइ कार्यालयमा नेपाल बैंक लि. भौचर नं ३८५०५३४५ मार्फत प्रदेश तर्फको अनुदान फिर्ता बापत रु.१६३१५३८२ फिर्ता भएको प्रमाण पेश भएको
१३३१४ विशेष अनुदान	६००००००	५३,१५,२०६.३९	६८४७९३.६१	
१३३१६ समपुरक अनुदान	१५००००००	०	१,५०,००,०००	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td></td><td>फिर्ता गर्ने बाकी</td><td>०</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छल फल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री दुर्गादेवी नेपाल मिति २०७८।३।१५ गते रु. ४३ करोड ३३ लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्षले २०७८।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>कार्यक्रम परिवर्तन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले गाउँसभाको विभिन्नल मितिको निर्णयबाट कार्यक्रम संसोधन स्वीकृत गरि रु.१,७६,४२,९९९.५१ खर्च गरेको देखियो । बजेट तर्जुमा प्रक्रिया प्रभावकारी बनाईनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>लक्षित समुह अनुसार बजेट तथा खर्च
त्रिपुरासुन्दरी गाउँपालिकाले आ.व .२०७८।०७९ देहायबमोजिम रकम विनियोजन गरि खर्च गरेको देखिन्छ ।<table><tr><td>लक्षित समुह</td><td>विनियोजन</td><td>खर्च</td><td>खर्च प्रतिशत</td></tr><tr><td>अन्य समुह</td><td>११३१५३०००</td><td>९२९०४२७४.५६</td><td>८२.११</td></tr><tr><td>बालबालिका</td><td>७४६२०००</td><td>६१९५४५४</td><td>८३.०३</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>महिला</td><td>१८५०४८१४९.७५</td><td>१३४६१३२०१.९४</td><td>७२.७३</td></tr>
<tr><td>कुल जम्मा</td><td>३०५६६३१३९.७५</td><td>२३३७१२९३०.५</td><td>७६.४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
क्षेत्रगत बजेट
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्रगत वजेट</th><th>बजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२७९१४०००</td><td>२०९७३९३६.४३</td><td>५.६७</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>१९७३५७०००</td><td>१७५२२४३८९.५१</td><td>४७.३९</td></tr>
<tr><td>३</td><td>पुर्वाधार विकास</td><td>१२७३६३०००</td><td>९५९९०७५५.१२</td><td>२५.९६</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र</td><td>१०१२००००</td><td>४१४३४२६</td><td>१.२</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१२२९८९१४९.७५</td><td>७३४१६२९६.२२</td><td>१९.८५</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>४८५७४३१४९.७५</td><td>३६९७४८८०३.२८</td><td>१००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार कुल खर्च मध्ये सबै भन्दा बढी सामाजिक विकासमा ४७.३९ प्रतिशत, पूर्वाधार विकासमा २५.९६%, कार्यालय संचालन तथा प्रशासनिकमा १९.५८%, आर्थिक विकासमा ५.६७% र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.२% रहेको देखिन्छ ।
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
त्रैमासिक पूजीगत खर्च
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३५ मा स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">त्रैमासिक खर्च</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम त्रैमासिक</th><th>दोस्रो त्रैमासिक</th><th>तेसो त्रैमासिक</th><th>चौथो त्रैमासिक</th></tr>
<tr><td>संघीय पूजीगत</td><td>१,१८,३१,१५२.६</td><td>०</td><td>३,४६,८६७.६२</td><td>१०,५३,८९०.०</td><td>१,०४,३०,३९५.</td><td>८७,४९,५१९.०</td></tr>
<tr><td>प्रदेश पूजीगत</td><td>१,७८,४९,७४३.३</td><td>०</td><td>०</td><td>५१,८९,९६३.३९</td><td>१,२६,५९,७८०.</td><td>८१,८३,८९८</td></tr>
<tr><td>गापा पूजीगत</td><td>१०,१८,९०,७३९.३</td><td>५,१८,६७०</td><td>१,०१,३०,८४४.२७</td><td>४,९५,९६,३६५.३९</td><td>४,१६,४४,८५९.६७</td><td>२,६२,८१,१४७.६</td></tr>
<tr><td>त्रिपुरासन्दरी गाउँपालिका - शिक्षा</td><td>२४,००,३५९</td><td>०</td><td>०</td><td>०</td><td>२४,००,३५९.</td><td>२४,००,३५९.</td></tr>
<tr><td>त्रिपुरासन्दरी गाउँपालिका - स्वास्थ्य</td><td>९,०१,६८३.४४</td><td>०</td><td>०</td><td>४,८१,४०७.४४</td><td>४,२०,२७६</td><td>४,२०,२७६.</td></tr>
<tr><td>त्रिपुरासन्दरी गाउँपालिका - कृषि</td><td>११,६२,१९५.</td><td>०</td><td>०</td><td>०</td><td>११,६२,१९५.०</td><td>११,६२,१९५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>कुल खर्च</td><td>१३,६०,३५,८७२.७</td><td>५,१८,६७०</td><td>१,०४,७७,७११.८९</td><td>५,६३,२१,६२६.२२</td><td>६,८७,१७,८६४.६७</td><td>४,७१,९७,३९४.६७</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>०।३८</td><td>७।७०</td><td>४१।४</td><td>५०।५१</td><td>३४.६९</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>खर्च विश्लेषण
कोलेनिकद्वारा प्रमाणित आर्थिक विवरण अनुसार पालिकाले गतवर्षको जिम्मेवारी रु.७६८९३११२.५३ समेत यसबर्ष रु.५६३२६१२८४ आम्दानी भएकोमा चालुखर्चतर्फ रु ३०८५९१५१४ र पूँजिगत तर्फ रु . १४१२९०६४६.८ र अन्य खर्च रु.८०९२६६ गरी कुल रु.४५०६९१४२६.८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आय(रु.१३०११९४१.५)को हिस्सा २.९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ५९०४४२६ खर्च भएको छ जुन आन्तरिक आयको- ४५.३७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.४७ प्रतिशत चालु र ३१.३४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>आर्थिक सहायता
स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता ,चन्दा पुरस्कार एंव सस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको छैन । पालिकाबाट वितरण गरिने अनुदान तथा आर्थिक सहायता वितरण कार्यविधि तयार नगरी आर्थिक हैसियत कमजोर भएका तथा विपन्न परेका गाउँवासी नागरिकको स्वास्थ्य उपचार अन्य आर्थिक सहायताको लागी बजेटमानै व्यवस्था गरी रु.१० हजार देखि रु.५० हजार सम्म ८३ जनालाई जम्मा रकम रु. ९८५०६० रुपैया खर्च गरेको देखिन्छ । खर्च लेख्दा कार्यविधि बनाई आवश्यक्ताको आधारमा मात्र खर्च गर्न तथा वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्:</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• निजामती सेवा ऐन, २०४९ को दफा ७खर वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१८७१०३५०।८६ खर्च लेखेको पाईयो । • पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१५			**कानुन निर्माण र कार्यान्वयन** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यक्ता अनुसार नियम निर्देशिका,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयमा ल्याउन सक्ने अवस्था छ । स्थानीय तह सञ्चालनको लागी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा कानुनहरु बनाई उपलब्ध गराएकोमा आन्तरिक लेखापरिक्षण क्रममा प्राप्त विवरण अनुसार गाउँपालिकाले हालसम्म २ वटा ऐन,२ वटा नियमावलि तथा ४ वटा कार्याविधि तथा निर्देशिका गरी जम्मा ८ वटा कानुन निर्माण गरी कार्यान्वयमा ल्याएको छ ।उक्त कानुनहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । आ.व २०७८÷०७९ मा गाउँसभा २ पटक र कार्यपालिका बैठक १३ पटक सम्म बैठक बसेको देखिन्छ ।	
१६			**न्यायिक समिति**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष ६ वटा विवाद दर्ता भएकोमा ५ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१७			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.३८२००७२ र विविध कार्यक्रम खर्चतर्फ रु.१०५२३९१ गरी कुल रु.४८७२४६३ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१८			**कर्मचारी व्यवस्थापन** कर्मचारी व्यवस्थापनः स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ८३ तथा कर्मचारी समायोजन ऐन,२०७५ वमोजिम कर्मचारी समायोजन तथा पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा विभिन्न पदका ५५ दरबन्दी स्वीकृत रहेता पनी आन्तरिक लेखापरिक्षण अवधि सम्म पालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागी तथा सेवा करारबाट लिईने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सृजना गर्न नसकिने व्यवस्थ्या छ । तर गाउँपालिकाले २३ जना कर्मचारीहरु करारमा राखि रु.१,१६,४३,५९३ खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(३) बमोजिम गाउँपालिकाले गाउँ प्रहरी,सवारी चालक,सयश,कार्यालय सहयोगी,पलम्वर,इलेक्टीसियन,चौकीदार,मालि बगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित तहमा बाहेक अधिकृत तह २ जना र सहायक तह १२ जना गरी करारमा पदपुुर्ती भएको देखिन्छ र आगामी दिनमा स्थायी कर्मचारी हरु पदपुर्ती गरी सेवा प्रवाहमा सहजता ल्याउनु पर्ने देखिन्छ ।	
१९			**वडा सचिवको पदपूर्ति**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गाउँपालिका अन्तगतका वडा कार्यलायहरुबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भुमिका रहेका वडा सचिवको दरवन्दी र पदपुर्तिको अवस्था देहाय बमोजिम छ ।
<table>
<tr><td>वडा संख्या</td><td>वडा सचिवको दरवन्दी</td><td>वडा सचिवको पदपुर्ति</td></tr>
<tr><td>६</td><td>६</td><td>१</td></tr>
</table>
नोट: वडाहरुमा अहिले वडा सचिवको अभाव रहेको हुदाँ कामकारवाहीमा समेत असर परेको देखिन्छ,तसर्थ अहिले सम्पुुर्ण वडामा प्रशासन कर्मचारी नहुदाँ प्राविधिक कर्मचारी तथा स्वास्थ्य क्षेत्रका कर्मचारीहरु मार्फत कार्यसम्पन्न गरेको देखिन्छ ,गाउँपालिकाले स्थायी कर्मचारीहरु मग गरि समग्र वडाको कार्यसम्पादन चुस्त र दुुरुस्त गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>सेवा प्रवाह
सेवा प्रवाह लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार आ.ब. ०७८।७९ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>सेवा प्राप्तिका लागि निवेदन संख्या</td><td>सिफारिस संख्या</td></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>४२५</td><td>४२५</td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>६५</td><td>६५</td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>७०</td><td>७०</td></tr>
<tr><td>४</td><td>जन्म, मृत्यु दर्ता</td><td>१७००</td><td>१७००</td></tr>
<tr><td></td><td>अन्य</td><td>१८००</td><td>१८००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>धरौटी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>धरौटीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६४ मा प्रत्येक कार्यलय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा रकमको कारोवारको लेखा अनुसुची १० वमोजीमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसुची ११ वमोजीम ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावद्यिक गरी राख्नुपर्ने एवं धरौटी रकमको छुट्टै बैक नगदी किताव समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नुपर्ने उल्लेख छ । कार्यालयले धरौटी कारोवारको व्यक्तिगत धरौटी खाता र बैक नगदी कितावको अभिलेख राखेको पाइएन । धरौटी तर्फ गतवर्षको अल्या रु .१४८७६७८.७८ र यस वर्ष थप रु.१०१५८२६.६९ प्राप्त भएकोमा यो वर्ष रु.६४६५०० धरौटी फिर्ता भइ रु.१८५७००५.४७ बाकी रहेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>जिन्सी व्यवस्थापन
पालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५, ९६ र ९९ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण, सम्पत्ति तथा मालसामानको लगत तयार गर्ने, सम्पत्ति तथा जिन्सीको मूल्य कायम गर्ने र जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका, टुटफूट भएका सामानको मर्मत गर्नुपर्ने समायोजन भएका साविकका गाउँ विकास समितिहरुले खरिद गरेका सामानहरुको यथार्थ अभिलेख राख्ने लगायतका सुझाव कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>बरबुझारथ नगरेको
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०३ को उपनियम ४ मा बरबुझारथ गर्न बाकीँ जिन्सी मालसमान बराबरको रकम असुल गरिने व्यवस्था छ । यस पालिकाको देहाय बमोजिमका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुले विभिन्न सामाग्रीर नबुझाएको र वारम्वार ताकेता गर्दापनी समान बरबुझारथ नगरेको हुदाँ उक्त समानको बजार मुल्य सोही नियमको उपनियम ५ बमोजिम समवन्धीत असुल गर्नुपर्ने रु.
<table>
<tr><td>सामानको नाम</td><td>नाम थर</td><td>रकम रु.</td></tr>
<tr><td>camera -१</td><td>केशव पराजुली (खा.पा.स.टे)</td><td>मुल्य नखुलेको</td></tr>
</table></td><td>०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण भई पेश भएको आधारमा मिति २०७९ ।१२।२० को निर्णयबाट रु.१३५६००।- सम्परीक्षण गरिएको ।)	
२४			**त्रुटी सच्चाउने अवधि** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले त्रुटि सच्चाउने अवधि बाँकी रहेका योजनाको अभिलेख तयार नगरेको एंव कार्य सम्पन्न भएकै आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ । अत : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ बमोजिम कार्यस्वीकार प्रतिवेदन तयार गरी त्रुटि संचाउने अवधि बाँकी रहेका योजनाको अभिलेख राखी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।	
२५			**बीमा** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा भएको व्यवस्था अनुसार रु १० लाख भन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायी तथा कामको सुरक्षाको लागि निर्माण गरिने काम , कामदार , उपकरण र तेस्रो पक्ष को विमा गर्नुपर्ने व्यवस्था भएकोमा कुनै पनि योजनामा बीमा सम्बन्धी प्रावधान राखेको पाइएन।	
२६			**कन्टेन्जेन्सी खर्च** सार्वजनिक खरिद नियमावली २०६४ को नियम मा कुनै पनि योजनामा छुट्टाएको कन्टेन्जेन्सी रकम सम्वन्धीत योजनासँग समन्धित कार्यमा मात्र प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष कन्टेन्जेन्सी बापत के, कति खर्च भयो, कुन-कुन शिर्षकमा खर्च भयो सोको विवरण पेश नगरेकाले कन्टेन्जेन्सी रकम सम्बन्धित योजना बाहेक अन्य कार्यमा समेत प्रयोग गरेको, नगरेको सम्बन्धमा विश्लेषण गर्न सकिएन। यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।	
२७			**उपभोक्ता समिति दर्ता** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।	
२८			**निर्माण कार्यको लागत अनुमान** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९(२) सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण र विमा खर्चको लागि रकम व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ। गुणस्तर परीक्षणको लागि कुनै पनि योजनामा रकमको छुट्टै प्रवन्ध गरेको पाइएन ।	
२९			**कार्य योजना** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चारलन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
३०			**वार्षिक प्रतिवेदन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
३१			**विपद् व्यवस्थापन कोष** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चाालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रु.१५५९००५ र यसवर्ष रु. ६० लाख आम्दानी भई रु.४१०५६६४ खर्च गरी बाँकी रु.३४५३३४०।९८ देखिन्छ । पालिकाले निमा तोकिएबमोजिम खर्च लेखेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
३२			**विपद् व्यवस्थापन समिति गठन** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।	
३३			**समन्वय** पालिकाले आफ्नो वार्षिक कार्यक्रम संघीय सरकार र प्रदेश वा निकायलाई र संघीय सरकार र प्रदेश सरकारका निकायबाट पालिका भित्र गरिने कार्यको जानकारी पालिकालाई जानकारी गराई समन्वयात्मक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ।	
३४			**सडक नाली तथा बायोइञ्जिनियरिङ्ग**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३४.२			सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत÷सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू-क्षय रोक्नका लागि बायो–इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो-इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू-क्षय तथा भू-स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहे रहेको छ । अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।	
३५			**गुणस्तर नियन्त्रण र परीक्षण** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९(२) नियम ९७(३ख) तथा नियम ११७(४) मा भएको व्यवस्था अनुसार गुणस्तर परीक्षणको लागि लागत अनुमान मा रकम व्यवस्था गर्नुपर्ने , सुपरिवेक्षण र गुणस्तर नियन्त्रण गर्नुपर्ने एंव निर्माण गरिएको संरचनाको उपयुक्तताको परिक्षण गरी प्रमाणित नभए सम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्न नहुने व्यवस्था छ । पालिकाबाट संचालित कुनै पनि योजनाको गुणस्तर आश्वस्तता योजना पेश नभएको एंव कुनै पनि	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			योजनामा गुणस्तर परीक्षण गरेको प्रमाणहरु संलग्न नरहेकोले निर्माण भएका संरचनाहरु गुणस्तरीय छन् भन्न सक्ने अवस्था देखिएन ।पालिकाले गुणस्तरिय कार्य गराउन विशेष ध्यान दिनुपर्ने देखियो ।	
३६			**विद्यालयगत निकासा अभिलेख खाता** पालिकाले प्रत्येक विद्यालयलाई प्रदान गरिने निकासा गरिने रकमको विद्यालयगत निकासा अभिलेख खाता तयार गरी भुक्तानी दिनुपर्नेमा सो गरेको पाइएन ।	
३७			**शैक्षिक गुणस्तर प्रतिवेदन** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय निकायले आफु मातहतका विद्यालयको शैक्षिक गुणस्तर सम्वन्धि अवस्थाको अध्ययन गरी सो प्रतिवेदन तयार गरी शैक्षिक गुणस्तरमा सुधार गर्नुपर्नेमा सो गरेको पाईएन । आगामि दिनमा सो कार्यमा सुधार गर्नुपर्दछ ।	
३८			**शैक्षिक गुणस्तर प्रतिवेदन** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय निकायले आफु क्षेत्र भित्रका निजि क्षेत्रका विद्यालयको शुल्क निर्धारण सम्वन्धि अनुगमन गरी नियन्त्रण गर्नुपर्नेमा सो गरेको पाईएन ।सो कार्यमा सुधार गर्नुपर्दछ ।	
३९			**शिक्षकको अभिलेख** शिक्षा नियमावलि २०५९ को परिच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्वन्धमा व्यवस्था छ । जसअन्र्तगत बुदाँ नं (झ) मा शिक्षा आयोगबाट नियुक्ती वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकहरुलाई नियुक्ती गर्ने सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ ।कार्यलयले नियमावलिमा व्यवस्था भएबमोजिमको शिक्षकको विद्यालयगत दरवन्दी अभिलेख,काजमा आएका,काजमा गएका,सरुवा भई गएका वा आएका विदामा रहेका नयाँ नियुक्ती भएका शिक्षक सम्वन्धी विवरण आदिको बारेमा अभिलेख राखेको छैन ।जसले गर्दा निकासामा समेत कठिन हुने हुदाँ नियमावलिको पालाना गरी शिक्षक सम्वन्धी अभिलेखको उचित व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
४०			**शिक्षातर्फ**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>त्रिपुरासुन्दरी गाँउपालिका भित्रका बिद्यालयमा कार्यरत बिद्यालय सहयोगि, लेखा कर्मचारी र बालबिकास केन्द्र सहजकर्ताको प्रथम त्रैमासिकको तलब र चाडपर्व खर्च भुक्तानी गर्दा बढी भुक्तानी भएको रकम दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क्र सं</th><th>बिद्यालयको नाम</th><th>शिक्षक</th><th>बढि भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>७</td><td>त्रिपुरासुन्दरी मा वि</td><td>लेखापाल हिरामाँया श्रेष्ठ</td><td>११५००</td><td>२०७८।६।१९ गते नियुक्ती भएकोमा ६ महिना नपुगि करारको लाई चाडपर्व खर्च भुक्तानी</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>११५००</td><td></td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२।२२ को निर्णयबाट रु.४२५०० ।- सम्परीक्षण गरिएको ।)</td><td>११,५००</td></tr>
<tr><td>४०.२</td><td></td><td></td><td>शिक्षकको तलब बढी भुक्तानीः
........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२२ को निर्णयबाट रु. १९५३९३।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई समानीकरण अनुदानबाट रु १,१४,५३,५९९ तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सेनेटरी प्याड</td><td>०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			..........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। १२ ।२० को निर्णयबाट रु. ६८५९१०।- सम्परीक्षण गरिएको ।)*	
४३			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक स्तरोन्नति तथा सिढि निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १८० जनालाई कम्तीमा ५० दिन देखि बढीमा ७० दिनसम्म रोजगारी उपलव्ध गराई कुल २५१६० दिन श्रमिक ज्यालामा रु.१४५१७१९८ र प्रशासनिक खर्चमा रु.८९५३२५ गरी कुल रु.१५४१२५२३ खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।त्यसैले दिर्घकालिन रोजगारी सृजना हुने तथा दिगो आयोजना संचालन गर्नुपर्ने तफ कार्यलयले ध्यान दिनुपर्ने देखिन्छ ।	
४४			**औषधि खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस स्थानीय तहले उक्त प्रक्रियावेगर अधिकाशं औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यबहोराहरु निम्नानुसार छन्: • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।
औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>
निःशुल्क लोगो
पालिकाले खरिद गरेका औषधिहरूमा “नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी” भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ ।पालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा निम्नानुसार रहेको पाइयो ।
<table>
<tr><th>सि.न.</th><th>औषधिको नाम</th><th>म्याद समाप्त हुने मिति</th><th>निशुल्क वितरणको लोगो</th></tr>
<tr><td>१</td><td>Metronidazole ४०० mg</td><td>Oct-२४</td><td>For supply only not for sale</td></tr>
<tr><td>२</td><td>B complex</td><td>Apr-२४</td><td>Institutional supply only</td></tr>
<tr><td>३</td><td>Metriz ६०mml</td><td>Jul-२३</td><td>supply</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>Ranitidine १५० mg</td><td>Sep-२४</td><td>Ins supply</td></tr>
<tr><td>५</td><td>Magnesium tablet</td><td>Sep-२३</td><td>Free distribution only</td></tr>
<tr><td>६</td><td>Ibuprofen ४००</td><td>Sep-२३</td><td>Institutional supply only</td></tr>
<tr><td rowspan="2">७</td><td rowspan="2">Amoxycilin mymox ५००</td><td rowspan="2">Oct-२४</td><td>Rs ८० per १० cap</td></tr>
<tr><td>लेखेको लोगो नभएको</td></tr>
<tr><td>८</td><td>Cetirizine hydrochlorin Rizicet</td><td>Aug-२४</td><td>Rs ४० per १० tab</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>लघु उद्यम
.... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२ ।२० को निर्णयबाट रु. ३४०००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>बिलभरपाइ पेश
.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ । २० को निर्णयबाट रु.३७९८०० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>बढी भुक्तानी
किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ को दफा २०(२) अनुसार सहजकर्ताले प्रत्येक किसानको बैयक्तिक विवरण तथा कृषि तथ्याङ्क संकलन गरी सूचना प्रणालीमा प्रविष्टि गरेबापत प्रति स्थानीय तह ३००१ वा सो भन्दा बढी घरधुरी भएकोमा प्रति घरधुरी रु.७५ का दरले पारिश्रमिक पाउने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति</td><td>११७,३७५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>१७६।०७८।१२।१६ मार्फत किसान सूचीकरण सहजकर्ता समिक्षा चौलागाइलाइ १५६५ जना किसानको तथ्याङ्क प्रविष्टी गरेबापत प्रति किसान रु.१५० का दरले भुक्तानी दिएको देखियो । तसर्थ कार्यविधि विपरित बढी भुक्तानी भएको रकम दाखिला हुनुपर्ने रु.११७३७५</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>निरोगिताको प्रमाणपत्र
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका गो.भौ.नं।मिति मार्फत विभिन्नल प्रजातिका पशुहरु खरिद गरेकोमा कृषि तथा पशु सेवा प्राविधिकले खरिद गरिएको पशुहरुको निरोगिताको प्रमाणपत्र तथा खरिद गरिएको प्रजाति प्रमाणित सम्बन्धमा कागजात पेश गरेको देखिएन । तसर्थ पालिकाले पशुहरुको निरोगिता सम्बन्धमा प्रमाण पेश गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ । केही उदाहरणहरु:
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>कार्यक्रम</td><td>कृषक समूह</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१५५।०७८।१२।८</td><td>आ.व. ०७७।७८ कै बाख्रा पकेट विकास कार्यक्रम निरन्तरता</td><td>सिंगल टोल कृषक समूह</td><td>३५ वटा माउ बाख्रा खरिद</td><td>४३७५००</td></tr>
<tr><td>१७५।०७८।१२।१६</td><td>मासु मिसन कार्यक्रम</td><td>रक्तकाली कृषि तथा पशुपंक्षी फर्म</td><td>१० वटा पाडा खरिद</td><td>३०००००</td></tr>
<tr><td>१७५।०७८।१२।१६</td><td>मासु मिसन कार्यक्रम</td><td>चोकटी कृषक समूह</td><td>५० वटा पाडा खरिद</td><td>१८०६०००</td></tr>
<tr><td>१२४।०७८।११।१२</td><td>उन मिसन कार्यक्रम अन्तर्गत भेडा प्रबद्धन</td><td>सिन्धु डेभलपमेन्ट एग्रिफर्म</td><td>बरुवाल भेडा १०० वटा</td><td>१००००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>बिल भरपाई</td><td>५०९,५१५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) र ३९(१०)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाइ, प्रमाण र कागजात संल्ग्न हुनुपर्ने र कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले लहरे जडिबुटी तथा फलफूल नर्सरीलाई गो.भौ.नं।मिति २४८।०७९।३।८ मार्फत रु.७३९९५० अनुदान दिएको देखियो । निजले रु.१५ लाखको लागत अनुमान तयार गरि पालिकालाई पेश गरेकोमा फलफूल तथा जडिबुटी खरिदतर्फ रु.९७२५००, मल तथा विषादीमा रु.१५०००० , सिचाइ सामाग्री रु.८२०००, टनेल प्लाष्टिक ३वटामा रु.५५५०० र ग्रीन हाउस ३ वटामा रु.२४०००० गरी कुल रु.१५ लाखको प्रस्तावना पेश गरेको देखियो । सो नर्सरीले पेश गरेको बिलभरपाइमा फलफूल तथा जडिबुटी खरिदतर्फ रु.५७२९४०, मल,विषादी तथा सिचाइ सामाग्री रु.४५९०२, टनेल निर्माणमा रु.३५८०३२ र ग्रिनहाउसमा डोर हाजिरी रु.६०७२९५ गरी कुल रु.१५८४१६९ को बिलभरपाइ पेश भएको देखियो । नर्सरीले प्रस्तावनामा फलफूल तथा जडिबुटी खरिदतर्फ रु.९७२५०० खर्च गर्ने भनेकोमा बिलभरपाइ पेश गर्दा रु.५७२९४० को मात्रै खरिद गरेको देखियो । साथै पालिकाले पेश गरेको टनेल तथा ग्रीनहाउसमा कार्यसम्पन्ना प्रतिवेदन अनुसार श्रमिक ज्यालामा रु.९७७८० मात्रै लाग्ने देखिएकोमा रु.६०७२९५ को डोरहाजिरी पेश भएको देखियो । लागत अनुमानमा समेत समावेश नभएको साथै कार्यसम्पन्नो प्रतिवेदनका अतिरिक्त श्रमिक ज्यालामा लेखेको खर्च रु.५०९५१५ नियमसम्मत नदेखिएको रु.	
५१			**धरौटीतर्फ**	
५१.१			समायोजन पत्र बेगर धरौटी फिर्ताः पालिकाले गो भौ नं ४।२०७८।०९।१६ कामना कन्ट्रक्सन प्रा ली को रु १५८५००।धरौटी फिर्ता गर्दा कर समायोजन पत्र नभएकोले पेश गर्नुपर्ने रु.	१५८,५००
५१.२			सदर स्याहा गर्नुपर्नेः गो भौ नं २०।२०७९।३।२२ प्रयोजन र नाम नामेसी नखुलेको राम प्रसाद आचार्य बाट प्राप्त गाँउपालिकाको खातामा जम्मा भएको धरौटी रकम संचित कोषमा जम्मा गर्नुपर्ने रु.	१२२,१८६
५१.३			धरौटी तर्फः आर्थिक बर्ष २०७८।०७९ मा अल्या जम्मा १४८७६७८।७८ हुनुपर्नेमा धरौटी खातामा ५३६०००। मात्र अल्या आएको देदिएको पालिकाले आर्थिक बर्ष २०७७।०७८ को बाकि अल्या रकम मिती २०७८।१२।०१ मा ९५१६७८।७८ अल्याबो रुपमा आम्दानी बाधेको देखिन्छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			**आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को आर्थिक कारोबारको चौमासीक रुपमा नगरी वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुलाई हालसम्म पालिकाले फस्यौंट गरेको छैन । अतः उक्त रकम असुल फस्यौंट गर्नुपर्दछ । उक्त बेरुजु देहायअनुसार छः	
५२.१	२२६	२०७८-९-२१	बढी भुक्तानी .... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२/२०को निर्णयबाट रु. १२६०० ।- सम्परीक्षण गरिएको ।)*	०
५२.२			पालिकाले गाडि भाडामा ल्याउने गरी वार्षिक रुपमा ६१३९ नम्वरको वोलेरो गाडीसंग सम्झौता गरेको भएतापनी उक्त गाडिलाई लगबुक विना नै ईन्धन खर्च दिएको हुदाँ उक्त गाडी कार्यालय प्रयोजनको लागी कहाँ गएको हो भनी जानकारी लिन लग बुक राख्ने नियम भएकोमा यस पालिकाबाट कुनै पनी गाडीको लग बुक नराखेको हुदाँ गाडी अफिसकै प्रयोजनमा छ कि छैन भन्ने पनी एकिन गर्न सक्ने अवस्था छैन र पालिकामा जम्मा १ वटा वोलेरो गाडी, १ वटा जेनेरेटर र ९ वटा मोटरसाईकलको वार्षिक ईन्धन लगबुक विनानै खर्च लेखि भुक्तानी दिएको हुदा लगबुक राखेर इन्धन खर्च लेख्नुपर्दछ ।	
५२.३			सबै सरकारी कार्यालयबाट प्रकाशित विज्ञापन सुचनाहरुमा नियमनुसार पाउने छुट लिई विज्ञापन सुचना प्रकाशन गरिनु पर्दछ छुटको नितिगत व्यवस्था अनुसार नै सवै सरकारी कार्यालयले सरकारी सुचना विज्ञापनमा २५ प्रतिशत छुट लिनु पर्नेमा यस त्रिपुरासुन्दरी गाउँपालिकाले तपशिल बमोजिमका मिडिया हाउस तथा पत्रपत्रिका मार्फत २४५९३५ रुपैयाको २५ प्रतिशतले हुन आउने रकम रु.६१४८३ रुपैया रकम छुट नलिई सिधै भुक्तानी गर्दा पालिकालाई थप व्यभार परेको छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२.४</td><td></td><td></td><td>भ्रमण खर्च नियमावली २०६४ मा तोकिएको दर भन्दा बढी भुक्तानी नपाउने नियम रहेकोमा देहायको कर्मचारीले बढी भुक्तानी लिएको रु.
<table>
<tr><th>गौ.भौ नं मिति</th><th>कर्मचारीको नाम</th><th>भ्रमण मिति</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>६९।२०७८।०७।०७</td><td>खड्ग बहादुर श्रेष्ठ</td><td>२०७८।०५।२० देखि २०७८।०५।२५ र २०७८।०५।२८ देखि २०७८।०६।०१ सम्म स्विकृत भएकोमा एक दिन बढी लिएका</td><td>२४००</td><td>स्विकृत गरिएको मिति भन्दा बढी रकम लिएका</td></tr>
<tr><td>२१६।२०७८।०९।१</td><td>खड्ग बहादुर श्रेष्ठ</td><td>२०७८।०८।१८ देखि २०७८।०६।१८ सम्म स्विकृत भएकोमा एक दिन बढी लिएको</td><td>१२००</td><td>स्विकृत गरिएको मिति भन्दा बढी रकम लिएका]</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३६००</td><td></td></tr>
</table></td><td>३,६००</td></tr>
<tr><td>५२.५</td><td></td><td></td><td>आयकर ऐन २०५८ को दफा ८७ को उपदफा १ बमोजिम कर कट्टी गरी भुक्तानी दिने व्यवस्था रहेको छ तर विभिन्न उपभोक्ता समितिको अगिम आयकर १.५ प्रतिशत नकाटि सोझै भुक्तानि दिएको हुदाँ बढि रकम असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्ने दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गौ.भौ.नं ।मिति</th><th>संस्था वा व्यक्तिको नाम</th><th>रकम</th><th>काट्नुपर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td>१३७।२०७८।०८।०८</td><td>ड्रागन कृषि तथा पशुपंक्षि फर्म</td><td>४३५०००</td><td>३५२५</td><td>६५२५ रुपैया काट्नुपर्नेमा मात्र ३००० काटेको</td></tr>
</table></td><td>३,५२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२.६</td><td></td><td></td><td>........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.१७३६०० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५२.७</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संग्लन कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाचँ गर्नुपर्ने व्यवस्था रहेको छ, वडा नं २ का पदाधिकारी तथा कर्मचारीहरुले मासिक वैठक भत्ता भनी भुक्तानी लिएको तर देहाय बमोजिमका कर्मचारी तथा पदाधिकारीले उक्त बैठकमा उपस्थित नभईकन पनी वैठक भत्ता लिएको रकम असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>जनप्रतिनिधिको नाम</td><td>रकम रु</td></tr>
<tr><td>वम बहादुर राउत (३ वटा वैठकमा उपस्थित नभएको</td><td>२५५०</td></tr>
</table></td><td>२,५५०</td></tr>
<tr><td>५२.८</td><td></td><td></td><td>सामान्य प्रशासन मन्त्रालयको च.न. २१७ मिति २०७४।०१।२५ को परिपत्र अनुसार करार सेवामा कार्यरत कर्मचारीहरुले महङ्ढी भत्ता पाउने देखिदैन ,पालिकाले उक्त व्यवस्था विपरित विभिन्न भौचर र मितिबाट पालिकामा भएका कर्मचारहिरुलाई साउन देखि चैत्र सम्म महङ्गी भत्ता उपलब्ध गराएतापनी पछि उक्त रकम करारका कर्मचारीबाट असुल गरेको देखिन आउछ र बाकी २ जना कर्मचारीको महङ्गी भत्ता असुल भएको देखिदैन । तसर्थ उक्त रकम असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>कर्मचारीको नाम</td><td>महिना</td><td>रकम रु.</td></tr>
<tr><td>रामकृष्ण खड्का</td><td>साउन-फागुन</td><td>१५८४०</td></tr>
<tr><td>हरेराम पौडेल</td><td>साउन-फागुन</td><td>१५८४</td></tr>
</table></td><td>१७,४२४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा १७४२४	
५२.९			**सक्कल विल नराखी भुक्तानी लिएको** .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९ । १२ । २० को निर्णयबाट रु. ३९५५०।- सम्परीक्षण गरिएको ।)*	०
५२.१०			बढी भुक्तानी .... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९ । १२ ।२० को निर्णयबाट रु. ५६००।- सम्परीक्षण गरिएको ।)*	०
५२.११			.... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९ । १२ ।२० को निर्णयबाट रु. ५३००।- सम्परीक्षण गरिएको ।)*	०
५२.१२			आय कर ऐन २०५८ का दफा ८७ मा राष्ट्रसेवक कर्मचारीले बार्षिक करयोग्य आयमा कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।गाउँपालिकाले आफु मातहतका विद्यालयको उ.मा.वि. तथा मा.वि शिक्षकहरुको करयोग्य आयले १० देखि २० प्रतिशत सम्म सिमा छुने भएतापनी सुरक्षा कर वापत १ प्रतिशत कर मात्र कर कट्टी गरेको फाटँवारीलाई मान्यता दिने गरेको पाईयो ।अतःगाउपालकाले आफु मातहतका विद्यालयका उमावि तथा मा.वि. शिक्षकहरुको करको वितरण तयार गरी उक्त कर दाखिला गर्नुपर्ने रु.	१८७,४४१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(see nested table below)	

नाम	करयोग्य आय	जम्मा कर	कट्टी गरिएको कर	कट्टा गर्न बाँकी रकम	कैफियत
रेशम बहादुर कमर	५८४९४०	२२८३८	५८५०	१६९८८	
बलराम नेपाल	५८४९४०	२२८३८	५८५०	१६९८८	
रविन्द्र श्रेष्ठ	५८४९४०	२२८३८	५८५०	१६९८८	
निलम राई	५८४९४०	२२८३८	५८५०	१६९८८	
केशव राज न्यौपाने	५८४९४०	२२८३८	५८५०	१६९८८	
सुरेन्द्र भट्ट	५८४९४०	२२८३८	५८५०	१६९८८	
दल बहादुर खड्का	५८४९४०	२२८३८	५८५०	१६९८८	
सुभद्रा भट्टराई	५२७८७०	१३०६६	५२७९	७००८	महिलालाई १० प्रतिशत छुट सहित
सुरज भट्टराई	५२७८७०	१३०६६	५२७९	७७८७	
मान बहादुर वि.क	५२७८७०	१३०६६	५२७९	७७८७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(nested tables below)	

गिता ढकाल	५२७८७०	१३०६६	५२७९	७००८	महिलालाई १० प्रतिशत छुट सहित
प्रजापती भट्ट	५२७८७०	१३०६६	५२७९	७७८७	
बद्री प्रसाद घिमिरे	५२७८७०	१३०६६	५२७९	७७८७	
झरेन्द्र प्रसाद दाहाल	५२७८७०	१३०६६	५२७९	७७८७	
लोकसिंह राउत	५२७८७०	१३०६६	५२७९	७७८७	
सन्तोष आचार्य	५२७८७०	१३०६६	५२७९	७७८७	
			जम्मा	१८७४४१	

गौ.भौ नं.	नाम	भ्रमण अवधि	बैठक समय(प्रशिक्षक भत्ता)	दोहोरो परेको रकम
२१०।२०७९।०२।१७	चन्द्र नारायण शाह	२०७८।१०।०८ देखि १७ सम्म	२०७८।१०।११ र १२ गते	५६००

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२० को निर्णयबाट रु.१५५७४ ।- सम्परीक्षण गरिएको ।)

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२.१३</td><td></td><td></td><td>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२० को निर्णयबाट रु. ९९५०।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५२.१४</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा ममा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात राख्नुपर्ने अवस्था छ तर देहाय बमोजिमको उपभोक्ता समितिलाई कम काम भएपनी बढी रकम दिएको हुदाँ बढि रकम असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्ने दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>गौ.भौ.नं ।मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>खुद काम भएको</td><td>भुक्तानी</td><td>बढी रकम</td></tr>
<tr><td>१३१-२०७८।१२।०७</td><td>बालकुमारी मन्दिर फापरचौर उ.स</td><td>३२३०५७.९१</td><td>३२६३५०.९</td><td>३२९३</td></tr>
</table></td><td>३,२९३</td></tr>
<tr><td>५२.१५</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको को नियम ३९ बमोजिम सरकारी बजेट खर्च लेख्दा विल भरपाई अनुसार लेखा राख्नु पर्ने व्यवस्था छ तर विभिन्न आपुर्तिकर्ता तथा सस्थाहरुले सक्कल विल नराखि (छायाप्रति) राखि भुक्तानी लिएको हुदाँ सक्कल विल पेश गर्नुपर्ने रु.
<table>
<tr><td>गौ.भौ.न मिति</td><td>आपुर्तिकर्ताको नाम२३१७८</td><td>रकम रु</td></tr>
<tr><td>२२।२०७८।०९।१४</td><td>वडास्तरीय शाखा सरसफाई उपभोक्ता समिति</td><td>३६१६०</td></tr>
</table></td><td>३६,१६०</td></tr>
<tr><td>५२.१६</td><td></td><td></td><td>आयकर ऐन २०५८ को दफा ८७ को उपदफा १ बमोजिम कर कट्टी गरी भुक्तानी दिने व्यवस्था रहेको छ तर विभिन्न उपभोक्ता समितिको अगिम आयकर १.५ प्रतिशत नकाटि सोझै भुक्तानि दिएको हुदाँ बढि रकम असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्ने रु.</td><td>२३,१७८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गौ.भौ.नं ÷मिति</td><td>संस्था वा व्यक्तिको नाम</td><td>रकम</td><td>काट्नुपर्ने रकम</td><td>कैफियत</td></tr>
<tr><td>३२- २०७९।०३।३२</td><td>राम मा.वि. चोकटी</td><td>६४७०००</td><td>११५८९</td><td>८५८९ अग्रिम आयकर काट्नुपर्ने र ३००० भुक्तानी भएभन्दा कम विल पेश गरेको</td></tr>
<tr><td>३२- २०७९।०३।३२</td><td>त्रिपुरासुन्दरी मा.वि.तौथली</td><td>६४७०००</td><td>११५८९</td><td>८५८९ अग्रिम आयकर काट्नुपर्ने र ३००० भुक्तानी भएभन्दा कम विल पेश गरेको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२३१७८</td><td></td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२० र २०७९।१२।२३ को निर्णयबाट रु. २०४६४।- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
रीतपूर्वकको कर विजक
मू.अ.कर नियमाबली २०५३ मो नियम १७.१ अनुसार मुल्य अभीबृध्दी करमा दर्ता भएको ब्यक्तीले कुनै बस्तु वा सेवाको आपुर्ति गर्दा अनुसुची ५ बमोजिमको ढाँचामा कर किजक जारीगर्नुपर्ने ब्यबस्था रहेको छ। साथै आन्तरीक राजश्व बिभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परीपत्र अनुसार मुल्य अभीबृध्दी करमा दर्ता भएका कर दाताले हरेक बर्ष क्र.सं१ बाट शुरु गर्नुपर्ने,कर बिजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख भएकोमा यस कार्यालयले निम्न अनुसारका आपुर्तकहरुलाई भुक्तानी दिदा संलग्न बिल हातले नम्बर राखेको हुँदा मु.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>भौ.मिति</td><td>प्रयोजन/मार्फत</td><td>आपुर्तक</td><td>भुक्तानी रकम</td><td>समायोजनगर्ने मु.अ.क</td></tr>
</table>
</td><td>५५,२५५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">७९-७८।११।९</td><td rowspan="2">बुगाथली काली पोखरीसडक निर्माण उ. स</td><td>माङ्काल देबी निर्माण सेवा</td><td rowspan="2">२,९०,४५५।</td><td rowspan="2">३३,४१५।</td></tr>
<tr><td>बिजक नम्बरनै नभएको</td></tr>
<tr><td rowspan="2">३०३-७९।३।१४</td><td rowspan="2">भजन मण्डली पार्टी निर्माण उ.श</td><td>मालाकार उडकार्भीङ्ग</td><td rowspan="2">१८९८४०।</td><td rowspan="2">२१,८४०।</td></tr>
<tr><td>बिजक नम्बर हातले लेखेको</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५५२५५।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>फिलेले घट्टेखोला झोलुङ्गे पुल
फिलेले घट्टेखोला झो.पू. निर्माणका लागि रु.३४३९३९७.६१ को लागत अनुमान तयार गरी फिलेले घट्टेखोला झो.पू निर्माण उ.स.संग कुल लागत अनुमान मध्ये उ.स.ले रु.६८७८७.९५ (२%), त्रिपुरासुन्दरी गाउँपालिकाले रु.४४७१२१.६९ (१३%) र SWAP ले रु.१६१३०१.९६ (४.६९%) को वस्तु सहयोगमा र नगद रु.२७६२१८६ (८०.३१%) व्यहोर्ने गरि मिति २०७९।२।२० मा सम्झौता भएको देखियो । सम्झौता अनुसार कुल लागत अनुमान मध्ये कन्टिन्जेन्सी खर्च रु.८४६०१.३१ रहेकोमा उ.स.ले ३३८४०.५२ र गाउंपालिकाले रु.५०७६०.७८ कन्टिन्जेन्सी खर्च लेख्ने मिल्ने देखिन्छ । पालिकाले यस आर्थिक वर्षमा गो.भौ.नं।मिति २।०७८।८।८ मार्फत कन्टिन्जेन्सी खर्चमा रु.५०७६१, १०।०७८।१२।९ मार्फत NGO Service charge बापत रु.५५९६४, १७।०७९।३।१ मा फेब्ररिकेसनबापत रु.५६३१०५ र २४।०७९।३।१५ मार्फत उ.स.लाई रु.५७४८०८.८८ गरी कुल रु.१२४४६३८.९२ खर्च लेखेको देखियो । कुल खर्च रु.१२४४६३८,९२ मध्ये उ.स.ले रु. २४८९२।७ (२%), गा.पा.ले रु.१६१८०३ (१३%) र SWAP ले रु. १०५७९४३ (८५%) व्यहोर्नुपर्ने देखिएकोमा पालिकाले SWAP तर्फबाट रु.१२२६५७० खर्च लेखेको देखियो । पालिकाले आफ्नो योगदान बापतको रकम रु.१६१८०३ मा पालिका तर्फको कन्टिन्जेन्सी खर्च रु.५०७६१ घटाई हुन आउने रकम रु.१११०४२ SWAP तर्फबाट खर्च लेखेको देखिएकोले संघीय खातामा दाखिला हुनुपर्ने रु.</td><td>१११,०४२</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सुनकोशी खोला झोलुङ्गे पुल</td><td>१४३,९४०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सुनकोशी खोला झो.पू.निर्माणका लागि रु.४०७८८५३.२७ को लागत अनुमान तयार गरी सुनकोशी खोला झो.पू. निर्माण उ.स.संग कुल लागत अनुमान मध्ये उ.स.ले रु.८१५७७ (२%), त्रिपुरासुन्दरी गाउँपालिकाले रु.५३०२५६.९३ (१३%) र SWAP ले रु.३८३३९० (९.४०%) को वस्तु सहयोगमा र नगद रु.३०८३६३५ (७५.६%) व्यहोर्ने गरि सम्झौता भएको देखियो । सम्झौता अनुसार कुल लागत अनुमान मध्ये कन्टिन्जेन्सी खर्च रु.९४३८३.४५ रहेकोमा उ.स.ले ३७५६१.८४ र गाउंपालिकाले रु.५६३४२.७५ कन्टिन्जेन्सी खर्च लेख्ने मिल्ने देखिन्छ । पालिकाले यस आर्थिक वर्षमा गो.भौ.नं।मिति २।०७८।८।८ मार्फत कन्टिन्जेन्सी खर्चमा रु. ५६३४२.७५ , १०।०७८।१२।९ मार्फत NGO Service charge बापत रु.७२१६६, १७।०७९।३।१ मा फेब्रिकेसनबापत रु.९९१८५० र २१।०७९।३।९ मार्फत उ.स.लाई रु.४२०२८२ (ठेक्का बिल रु.४२०२८२ रहेकोमा उ.स.लाई उ.स,योगदान कट्टी गरी रु.४०३१३७ भुक्तानी दिएको) गरी कुल रु.१५४०६४१ खर्च लेखेको देखियो । कुल खर्च रु.१५४०६४१ मध्ये उ.स.ले रु. ३०८१३ (२%), गा.पा.ले रु.२००२८३ (१३%) र SWAP ले रु.१३०९५४४.५ (८५%) व्यहोर्नुपर्ने देखिएकोमा पालिकाले SWAP तर्फबाट रु.१५२३४९५ खर्च लेखेको देखियो । पालिकाले आफ्नो योगदान बापतको रकम रु. २००२८३ मा पालिका तर्फको कन्टिन्जेन्सी खर्च रु. ५६३४३ घटाई हुन आउने रकम रु.१४३९४० SWAP तर्फबाट खर्च लेखेको देखिएकोले संघीय खातामा दाखिला हुनुपर्ने रु.	
५६			**मुसुरे राजदली दावीखोला झोलुङ्गे पुल** मुसुरे राजदली दावीखोला झो.पू.निर्माणका लागि रु.४३८७३२८ को लागत अनुमान तयार गरी मुसुरे राजदली दावीखोला झो.पू निर्माण उ.स.संग कुल लागत अनुमान मध्ये उ.स.ले रु.८७७४६.५६ (२%), त्रिपुरासुन्दरी गाउँपालिकाले रु.५७०३५२.६५ (१३%) र SWAP ले रु.३७८७४६.२ (८.६३%) को वस्तु सहयोगमा र नगद रु.३३५०४८२.६६ (७६.३७%) व्यहोर्ने गरि सम्झौता भएको देखियो ।सम्झौता अनुसार कुल लागत अनुमान मध्ये कन्टिन्जेन्सी खर्च रु.९९९९४.८३ रहेकोमा उ.स.ले ३९९९७.९३ र गाउंपालिकाले रु.५९९९६.९ कन्टिन्जेन्सी खर्च लेख्नग मिल्ने देखिन्छ । पालिकाले यस आर्थिक वर्षमा गो.भौ.नं।मिति २।०७८।८।८ मार्फत कन्टिन्जेन्सी खर्चमा रु.५९९९६.९, १०।०७८।१२।९ मार्फत NGO Service charge बापत रु.७७७५३, १७।०७९।३।१ मा फेब्रिकेसनबापत रु.९७७९७३ र १२।०७९।३।१ मार्फत उ.स.लाई रु.७०८६९७ गरी कुल रु.१८२४४२० खर्च लेखेको देखियो । कुल खर्च रु. १८२४४२० मध्ये उ.स.ले रु. ३६४८८ (२%), गा.पा.ले रु.२३७१७४ (१३%) र SWAP ले रु.१५५०७५७ (८५%) व्यहोर्नुपर्ने देखिएकोमा पालिकाले SWAP तर्फबाट रु.१७९८१२१ खर्च लेखेको देखियो । पालिकाले	१७७,१७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आफ्नो योगदान बापतको रकम रु.२३७१७५ मा पालिका तर्फको कन्टिन्जेन्सी खर्च रु.५९९९७ घटाई हुन आउने रकम रु.१७७१७८ SWAP तर्फबाट खर्च लेखेको देखिएकोले संघीय खातामा दाखिला हुनुपर्ने रु.	
५७			**पालिका भवन निर्माणको मुल्य समायोजन** पालिका भबन निर्माणका लागि ड्रागन निशान बिष्णु जे.भी.संग मिति २०७७।७।६मा रु४करोड १४लाख ५६हजारमा २०८० बैशाख ५ गतमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको छ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम११९को उप नियम (२)मा मुल्य समायोजनको ब्यबस्था गरीएको छ।जस अनुसार निर्माण ब्यबसायीलाई मुल्य समायोजन दिनुपर्ने अबस्था अगाडीनै पेश्की उपलब्ध गराएको अबस्थामा पनि निर्माण सामग्री र अन्यमा हुने मुल्य बृध्दी बापतको मुल्य समायोजन दिदा दोहोरो पर्ने हूँदा पेश्की दिए बराबरको रकमले खामेसम्म मुल्य समायोजन दिल मिल्ले नदेखिएकोले।उक्त ब्यहोरा सम्झौतामानै उल्लेख गर्नुपर्ने देखिन्छ।यसरी गाँउ पालीका भबन निर्माणको मुल्य समायोजन बापत ड्रागन निशान बिष्णु जे.भी.लाई भएको भुक्तानी रु १,९१,२०८।औचित्यपुर्ण देखिएन ।	
५८			**पि.सि.सि. कार्यमा बढी दर** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संचरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको देखियो । सडकको लागि स्वीकृत नर्म्सको प्रयोग गरी दरविश्लेषण गर्दा पि सि सि कार्य १:२:४ को प्रति घ.मि.रु ११४६०, १:३:६ को रु ९८५० र १:१.५:३ को रु १३४६० हुने देखिन्छ । तर पालिकाले लागत अनुमान गर्दा पालिकाबाट सडक निर्माण लागि स्वीकृत भएको दरविश्लेषणको प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको छ । जसअनुसार देहायका योजनामा उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएकोले पालिकालाई देहाय बमोजिम व्ययभार परेको देखिएको छ ।	

गो.भौ.	उपभोक्ता समिति	कार्य	परिमाण घ.मि.मा	प्रयोग गरेको दर	बढी दर रु.	बढी भुक्तानी रु

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			११	महबभिर टोल सिढी निर्माण उस	१:०३:०६	१०।९०	११६८४	१८३४	१९९९०	
			३३	भिरकुना टहलेटोल सिंढी निर्माण उ.स	१:०३:०६	६.१९	११६८४	१८३४	११३५२	
			३६	खागल मुल सडक सडक निर्माण उ स	१:०३:०६	२.२२	११६८४	१८३४	४०७१	
			५८	गणेश थान पुरान्छे देस्तल सडक उ स	१:०३:०६	२.०२	११६८४	१८३४	३७०४	
			६६	सुनकोशी सालघारी सडक उ स	१:०३:०६	१.३३	११६८४	१८३४	२४३९	
			६९	सालघारी फापरचौर सकुदल सडक उ स	१:०३:०६	३.०४	११६८४	१८३४	५५७५	
				सालघारी फापरचौर सकुदल सडक उ स	१:१.५.३	२६.२२	१६०१०	२५५०	६६८६१	
			७५	ढोकती राजमती देउखा निर्माण उ स	१:०३:०६	२.५७	११६८४	१८३४	४७१३	
			९१	पोखरे बसपार्क पारीटोल बाटो उ.स	१:०२:०४	४.७९	१३५९३	२१३३	१०२१७	
			१२३	ठीपाटोल सिढीबाटो उ.स	१:०३:०६	६.६८	११६८४	१८३४	१२२५१	
			१२९	सानोचौतारा अधुरो बाटो निर्माण उ.स	१:०२:०४	५.१	१३५९३	२१३३	१०८७८	
			१५५	तल्लो पोखरे सौंढी बाटो निर्माण उ.स	१:०२:०४	२०.८४	१३५९३	२१३३	४४४५१	
			२२३	पाटी छीपिगाँउ सिंढी बाटो निर्माण	१:०३:०६	१०.७	११६८४	१८३४	१९६२३	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३०६</td><td>लामाचौर छ्वासेवाय जोर याकरपुखुर उ.स</td><td>१:०२:०४</td><td>१७.६६</td><td>१३५९३</td><td>२१३३</td><td>३७६६८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२५३७९६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
पि.पि.सि. सिमेन्टको प्रयोग
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ । कार्यालयले देहायका देहायका योजनामा ओ.पि.सि.सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू..अ.कर बिजक समावेश गरेकामा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.८४० (मू.अ.कर बाहेक) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.७०० (मू.अ.कर बाहेक) रहेको छ । जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको नहुन सक्छ भने आर्कोतर्फ प्रति बोरा रु.१५८ (मू.अ.कर समेत) का दरले बढी भुक्तानी भएको छ । तोकिएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ । नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.
<table>
<tr><td>गो.भौ.</td><td>योजनाको नाम</td><td>उ.स.बाट खरिद गरिएको विलका सिमेन्टको सप्लायर्स</td><td>उ स बाट खरिद विल अनुसार समेन्ट बोरा संख्या</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>४५</td><td>सल्ले बर्खाङ सामुदायिक भवन उ स</td><td>शिलढुंगा हार्डवेयर्स एण्ड सप्लायर्स</td><td>३५</td><td>५५३०</td></tr>
</table>
</td><td>७१,२५८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६९</td><td>लामाटोल सिंचाई निर्माण उ स</td><td>शिलढुंगा हार्डवेयर्स एण्ड सप्लायर्स</td><td>५१</td><td>८०५८</td></tr>
<tr><td>११८</td><td>ठूटेमाने सिमधारा सिंचाई योजना उ स</td><td>शिलढुंगा हार्डवेयर्स एण्ड सप्लायर्स</td><td>४०</td><td>६३२०</td></tr>
<tr><td>१३६</td><td>गउरुङ्गटोल हुदै साङखोर स्तुपा सडक निर्माण उ स</td><td>पाठक इन्टरप्राइजेज</td><td>६०</td><td>९४८०</td></tr>
<tr><td>१३७</td><td>साझावन सामुदायिक भवन उपभोक्ता समिति</td><td>त्रिपुरा मेगा हार्डवेयर</td><td>२०</td><td>३१६०</td></tr>
<tr><td>१३८</td><td>दासागरेश्वर मन्दिर व्यवस्थापन</td><td>त्रिपुरा मेगा हार्डवेयर</td><td>४०</td><td>६३२०</td></tr>
<tr><td>१४०</td><td>लाङमो समुह सामुदायिक भवन उ स</td><td>पाठक इन्टरप्राइजेज</td><td>७०</td><td>११०६०</td></tr>
<tr><td>१५८</td><td>घ्याङडाडा सामुदायिक भवन उ स</td><td>त्रिपुरा मेगा हार्डवेयर</td><td>२०</td><td>३१६०</td></tr>
<tr><td>१६१</td><td>लकुइ चिप्ले सडक उ स</td><td>सत्य साइबाबा इन्टरप्राइजेज</td><td>८०</td><td>१२६४०</td></tr>
<tr><td>२०९</td><td>लामिडाडा आ वि उ स</td><td>त्रिपुरा मेगा हार्डवेयर</td><td>३५</td><td>५५३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>७१२५८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>जालीमा ढुंगा भर्ने कार्यमा बढी दर</td><td>२४,२२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संचरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको देखियो । सडकको लागि स्वीकृत नर्म्सको प्रयोग गरी दरविश्लेषण गर्दा जालीमा ढुंगा भर्ने कार्यको प्रति घ.मि.रु २७२० मात्र हुने देखिन्छ । तर पालिकाले लागत अनुमान गर्दा पालिकाबाट सडक निर्माण लागि स्वीकृत भएको दरविश्लेषणको प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको छ । जसअनुसार देहायका योजनामा उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.</th><th>उपभोक्ता समिति</th><th>परिमाण घ.मि.मा</th><th>प्रयोग गरेको दर</th><th>बढी दर रु.</th><th>बढी भुक्तानी रु</th></tr>
<tr><td>७९</td><td>मैचङधारा जिम्माल घट्टेखोला उ स</td><td>१०९</td><td>२८७०</td><td>१५०</td><td>१६३५०</td></tr>
<tr><td>९३</td><td>होल्गा भागुमोड घडेरी हुदै नरिङखोला उ स</td><td>२२।५</td><td>२८७०</td><td>१५०</td><td>३३७५</td></tr>
<tr><td>१६२</td><td>वाची वर्णा मोटर बाटो उ स</td><td>३०</td><td>२८७०</td><td>१५०</td><td>४५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२४२२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
<tr><td>६१.१</td><td></td><td></td><td>..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२० को निर्णयबाट रु. १०९५५६।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१.२</td><td></td><td></td><td>*..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२० को निर्णयबाट रु. ९२३६७।- सम्परीक्षण गरिएको ।)*</td><td>०</td></tr>
<tr><td>६१.३</td><td></td><td></td><td>भत्ता वितरणः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टाको तोकिएको मिति भित्रै ,परीचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने ,प्रत्योक बर्ष लाभग्राहीको अभिलेख अद्यावधिक गर्नु पर्ने, भत्ता वितरण बैंकमार्फत गर्नु पर्ने,सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नु पर्ने,केन्द्रीकृत सुचना प्रणालीमा प्रविस्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउंने सम्बन्धित निकायको हुने व्यबस्था छ । वडाहरुलाई निकाशा भुक्तानी भएको रकम निम्नानुसार वितरण भइ कूल सामाजिक सुरक्षा भत्ता रु ७,११,६८,८०५। वितरण खर्च भएको देखियो। जस मध्ये रु ७,०७,७२,९२०। कोलेनिका बाट बाट निकासा भएको र रु ३९५८८५। गाउपालिका बाट निकासा भएको देखिन्छ । वडागत विबरण यस प्रकार रहेको छ ।
<table>
<tr><td>वडा नं</td><td>प्रथम त्रैमासिक वितरण</td><td>दोस्रो त्रैमासिक वितरण</td><td>तेस्रो त्रैमासिक वितरण</td><td>चौथो त्रैमासिक वितरण</td></tr>
<tr><td>१</td><td>१०९८५८६।</td><td>१०८९५९१।</td><td>११०६५०४।</td><td>११६८६५०।</td></tr>
<tr><td>२</td><td>३१९०८३७।</td><td>३१७५९२०।</td><td>३१६५७१९।</td><td>३२०६१००।</td></tr>
<tr><td>३</td><td>४३४००३६।</td><td>४२५५४८०।</td><td>४२०८२८८।</td><td>४३३२२२८।</td></tr>
<tr><td>४</td><td>२४५५१७७।</td><td>२४४८८८२।</td><td>२४६९०८१।</td><td>२५०४७५४।</td></tr>
<tr><td>५</td><td>४८५९५७०।</td><td>४९१३३२२।</td><td>४९९४५१८।</td><td>५००१०८०।</td></tr>
<tr><td>६</td><td>१७७७७९०।</td><td>१७६१४३७।</td><td>१७७४५१५।</td><td>१८४६७४०।</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा | १७७२१९९६। | १७६४४६३२। | १७७१८६२५। | १८०५९५५२।	
६२			**नाम नवीकरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) बमोजिम नाम नविकरण नगरि विगत वर्षहरुमा भत्ता पाइ राखेकाहरुको नामावलीलाई नै नविकरण मानी भत्ता वितरण गर्ने गरेको देखिन्छ । पालिकाले लाभग्राहीहरुको नामावली कार्यविधिमा उल्लेखित भए बमोजिम नविकरण गराउनुपर्ने देखिन्छ ।	
६३			**राजश्व परामर्श समिति** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।	
६४			**मनोरन्जन कर** स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । पालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । नियमानुसार उक्त कर उठाउनु पर्दछ ।	
६५			**व्यवसाय रजिष्टेशन दस्तुर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अध्यावधिक गरेको छैन । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>कर तथा शुल्क असुली
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको ०७८।७९ मा संचित कोष खातामा कुल आन्तरिक आम्दानी रु.८,००,६२,६५०.५३ रहेको छ जसमध्ये बाडफाड बापत प्राप्त आम्दानी रकम रु.६,७०,५०,७०९.०३ र बाडफाडबापत प्राप्त बाहेकको आम्दानी रु.१,३०,११,९४१.५ गरेको देखिन्छ । आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>राजस्व उपशीर्षक</th><th>अनुमानित बजेट</th><th>प्राप्त रकम रु.</th></tr>
<tr><td>११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर</td><td>२,७२,७२,०००</td><td>४,०७,०६,१८७.९८</td></tr>
<tr><td>११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क</td><td>२,७२,७२,०००.००</td><td>१,३२,७५,४५०.४</td></tr>
<tr><td>११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर</td><td>१,२३,९६,७२१.००</td><td>१,३०,६९,०७०.६५</td></tr>
<tr><td>११६९१ अन्य कर</td><td>१,१८,००,०००.००</td><td>०</td></tr>
<tr><td>जम्मा बाडफाड भई प्राप्त राजस्व</td><td>७,८७,४०,७२१.००</td><td>६,७०,५०,७०९.०३</td></tr>
<tr><td>१४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी</td><td>१,००,००,०००.००</td><td>१,३०,११,९४१.५०</td></tr>
<tr><td>जम्मा बाडफाडबाहेकको राजस्व</td><td>१,००,००,०००.००</td><td>१,३०,११,९४१.५</td></tr>
<tr><td>जम्मा आन्तरिक राजस्व</td><td>८,८७,४०,७२१.००</td><td>८,००,६२,६५०.५३</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले विभिन्न राजस्व उपशीर्षकहरु एकिकृत सम्पती कर, घरवहाल कर,भुमिकर, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर लगायतका राजस्व उपशीर्षकहरुको आम्दानी अनुमान तथा आम्दानी बाधेको देखिएन । साथै पालिकाले वडाहरुमा तथा पालिकामा उठेको राजस्वलाई सम्बन्धित राजस्व उपशीर्षकमा आम्दानी बाध्नुपर्नेमा अन्य स्रोतबाट प्राप्त रोयल्टीमा आय शीर्षकमा बाधेको देखिन्छ । पालिकाले आगामी दिनहरुमा सम्बन्धित राजस्व उपशीर्षकमै आम्दानी बाध्नेतर्फ जोड दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>राजश्व अभिलेख
नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्बन्धित आय शिर्षक जनाइ कम्पुमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>वडा अनुसार राजश्व
आ.व.२०७८।०७९ मा सवै वडाहरुमा र गाउँपालिकामा निम्नअनुसार राजश्व उठेको देखियो । पालिकाको विभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ।
<table>
<tr><td>वडा / गाउँपालिका</td><td>रकम रु.</td></tr>
<tr><td>गाउँपालिका</td><td>२९२९०२।५०</td></tr>
<tr><td>वडा नं.१</td><td>४६३७१</td></tr>
<tr><td>वडा नं.२</td><td>१७९६५२</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			वडा नं.३ — २००१९३ वडा नं.४ — १२११४७।११ वडा नं.५ — २३४६४८।३३ वडा नं.६ — १०६८८३।३२ एम्वुलेन्स — २९०८०० जम्मा रकम रु. — १४७२५९७।२६	
६९			**रकम ढिला दाखिला गर्ने** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को नियम २८(१) र २८(२) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाकी रकम र सोको दश प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए दश प्रतिशत जरिवाना गरि दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्नेछ भन्नो व्यवस्था रहेको छ । यस स्थानीय तह अन्तरगतका नगरकार्यपालिकाको कार्यालय, वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।	
७०			**ढुङ्गा, गिट्टी रोयल्टी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) बमोजिम नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ । साथै प्रदेश आर्थिक ऐन २०७७ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्र	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रहेका खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न ढुँगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको परिमाणको यकिन गरी अनुसुची ९ अनुसारको दरमा बिक्री गर्न सक्ने व्यवस्था गरेको छ। साथै निजी जग्गामा प्राप्त हुने ढुङ्गा तथा माटो अन्य व्यक्तिलाई बिक्री गर्दा समेत पालिकाको स्वीकृती लिई तोकिएबमोजिमको दरमा शुल्क तिर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले विभिन्नल उपभोक्ता समिति तथा लाभग्राही समुदायद्धारा संचालित योजनाहरुमा कतिपय योजनाहरुमा ढुंगा,गिट्टी तथा बालुवा भरपाइ मार्फत खरिद गरेको तथा केहीमा सो समेत संलग्न रहेको देखिएन । जसबाट उपभोक्ता समितिले पालिका क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेकोमा पालिकाले ती सामाग्रीहरुको पालिका दरको आधारमा भुक्तानी दिएको छ । लेखापरीक्षणको क्रममा नमुना छनोट परेको योजनाहरु मध्ये उपभोक्ता समितिले ढुंगा लगायतका सामाग्रीहरुको प्रयोग गर्दा पालिकालाई रोयल्टी तथा शुल्क बुझाएको देखिएन । अतः पालिकाले आफ्नो क्षेत्रभित्रका ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाइ आम्दानी बढाउने तथा उपलब्ध सामाग्रीहरुको अव्यवस्थित उत्खनन , संकलन तथा उपयोग स्थितीलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनुपर्छ । केही उदाहरणहरु:	

गो.भौ.नं।मिति	योजना/उ.स.	निर्माण सामाग्री	परिमाण घ.मि.	दर रु	रकम
२८।०७९।३।२१	घोर्थली कालिन्त्रोक सडक	ढुंगा	५४०	३१७.५२	१७१४६०
१५।०७८।१२।२८	गुवाथली खजिलुङ कृषि सडक उ.स.	ढुंगा	४०५	३१७.५२	१२८५९६
१७।०७९।१।५	लटेश्वर मन्दिर जिणोद्धार उ.स.	ढुंगा	९५	३१७.५२	३०१६४
१७।०७९।१।५	लटेश्वर मन्दिर जिणोद्धार उ.स.	बालुवा	६३	३१७.५२	२०००४
१७।०७९।१।५	लटेश्वर मन्दिर जिणोद्धार उ.स.	गिट्टी	१३	३१७.५२	४१२८
३।०७९।३।२१	लाटु टुंगाथली सडक उ.स.	ढुंगा	१६०	३१७.५२	५०८०३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

७।०७९।३।२१	देस्तेल सडक स्तरोन्नति तथा भिमसेन सतल निर्माण	ढुंगा	५६	३१७.५२	१७७८१
		बालुवा	२६	३१७.५२	८२५६
		गिट्टी	१२	३१७.५२	३८१०
१।०७९।३।२१	बुंगाथली पार्क निर्माण	ढुंगा	१५०	३१७.५२	४७६२८
		बालुवा	३५	३१७.५२	१११११३
३०।०७९।३।२१	मुल पधेरा माझटोल डाडाटोल अपाङ्गमैत्री सडक निर्माण	ढुंगा	९३	३१७.५२	२९५२९
३०।०७९।३।२१	मुल पधेरा माझटोल डाडाटोल अपाङ्गमैत्री सडक निर्माण	गिट्टी	८	३१७.५२	२५४०
३०।०७९।३।२१	मुल पधेरा माझटोल डाडाटोल अपाङ्गमैत्री सडक निर्माण	बालुवा	८	३१७.५२	२५४०
				जम्मा	५२८३५२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७१			बैठक भत्ता  ....*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२१ को निर्णयबाट रु. ४८४००।- सम्परीक्षण गरिएको ।)*	०
७२			**सानिमा हाईड्रो पावरसंगको सम्झौता**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७२.१			...........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२ । २० को निर्णयबाट रु. ३,००,०००।- सम्परीक्षण गरिएको ।)*	०
७२.२			सानिमा हाईड्रो पावर यस पालीकामा पर्ने भएको कारणले रु३,००,०००।प्राप्त भएझै सुनकोशिको ड्याम पनि यस पालीकामा पर्ने भएको हुँदा सोहि अनुसार (रोयल्टी) आन्तरीक आयको लागि प्रस्ताब गरी प्राप्त गर्नुपर्ने देखिन्छ।	
७३			**डीपीआर खर्च** ....*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। १२ ।२० को निर्णयबाट रु. ७७४१६३।- सम्परीक्षण गरिएको ।)*	०
७४			**गाडी भाडा** सार्बजनिक खर्चलाई मितब्ययी तथा प्रभाबकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को नियम ९(२)मा मौजुदा सवारी साधन मितब्ययी ढङ्गले मर्मत गरी उपयोग गर्नुपर्ने ब्यबस्था रहेको छ।कार्यालयमा दुईवटा गाडी मौज्दात हुँदा पनि बिभिन्न मितिमा चौतारा काठमाण्डौ लगायतका स्थानहरुमा जाँदा प्रती ट्रीप रु९,०००।का दरले बसन्त सापकोटा संग २० च ७५६०।को गाडी भाडा लिई रु१,३८,०००। त्यस्तै गाडीधनी नबराज दहाल लाई रु१,५१,०००। र जयराम बस्नेतलाई रु १,००,८००। गरेर जम्मा रु.३,८९०००। भुक्तानी भएको छ। कार्यालयले यस्ता खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ।	
७५			**नापी किताब** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)ख मा प्राबिधीक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक)मा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानी गर्ने ब्यबस्था रहेको छ।यस कार्यालयमा क्रमागत रुपमा कार्य हुदैं आएका निम्नानुसारका निर्माण कार्यको एउटै नापी किताब नराखि पन्नामा नापी सिट तयार गर्ने गर्दा बिगतमा के कति काम भयो र हाल के कति काम भयो सो भिडान गर्ने आधार नभएको।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.नं/मिति</td><td>निर्माणका कार्यहरु</td><td>भुक्तानी</td></tr>
<tr><td>२९२/७९|३|७</td><td>सुनकोशी सामुदायिक भबन उपभोक्ता समिति</td><td>१३,५८,०००|</td></tr>
<tr><td>२७९/७९|२|३१</td><td>अधुरो थामीगाँउ सामुदायीक भबन निर्माण उपभोक्ता समिति</td><td>३,८०,५४०|</td></tr>
<tr><td>२७३/७९|२|३१</td><td>बेतेपाटी ढलान उपभोक्ता समिति</td><td>२,८४,३५९|</td></tr>
<tr><td>३४३/०७९|३|२०</td><td>वा.नं २को वडा कार्यालय भबन निर्माण उपभोक्ता समिति</td><td>७,६६,०८१|</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२७,८८,९८०|</td></tr>
</table>
क्रमागत रुपमा कार्य हुने भबन आदिमा फरक फरक आ.बमा कुन कुन आईटमको काम सम्पन्न भयो सो खुलाउन अनिबार्य रुपमा नापी किताब (मेजरमेन्ट बुक)राखेर मात्र भुक्तानी हुनुपर्ने देखिन्छ।
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>जिन्सी दाखिला पेश गर्नुपर्ने
...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। १२ ।२० को निर्णयबाट रु. १९९२४१।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>अधुरो पिस्कर स्वास्थ्य चौकी निर्माण कार्य
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवशायीले सम्झौता अनुसारको दायित्व पुरा नगरेमा खरिद सम्झौताको अन्त्य गर्ने सम्बन्धि व्यवस्था छ । यसै दफाको उपदफा ८ मा सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बांकी रहेको कार्य पुरागर्ने आवश्यक रकम कार्य नगर्ने बोलपत्र दाताबाट असुल उपर गरिने व्यवस्था छ।आ.ब०७७।७८मा संघिय सरकारबाट बिशेष अनुदान मार्फत प्राप्त भएको रकम मद्ये बाट रु८०,२१,२१२।३५(भ्याट र पि.एस.बाहेक)मा पिस्कर निर्माण सेवासंग निर्माण सम्झौता गरीएको मा निम्न अनुसार देखिन्छ। (क) पालिकाको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			मिति२०७८।४।२६को निर्णय अनुसार कोभिड,यातायात आबत जाबत गर्न कठीन भएको र आ.ब.७८।७९मा२५लाख बजेट बिनियोजन भएको र उक्त बजेट बाट ठेक्का सम्झौता बमोजिमको काम गर्न नसकीने कारण जनाई ठेक्का सम्झौताको अन्त्य गर्ने र पिस्कर निर्माण सेवालाई कुनै प्रकारको कारबाही नगर्ने र कार्य सम्पादन जमानत जफत नगर्ने निर्णय गरिएको छ।यसरी सार्बजनिक खरिद ऐन, २०६३एबं सार्वजनिक खरिद नियमावली, २०६४अनुसार सम्झौता भएकोमा सोही ऐन नियमको आधारमा रहेर कार्यबाहि वा सम्झौता अन्त्य गर्नुपर्नेमा सो गरेको पाईएन।यसरी सार्बजनिक खरिद ऐन, २०६३एबं सार्वजनिक खरिद नियमावली, २०६४बिपरित हुने गरी पालिकाले निर्णय गर्न मिल्ने देखिएन।साथै उक्त निर्माण ब्यबसायिलाई ठेक्कासम्झौता अन्त्य सम्बन्धि कुनै पत्र दिईएको छैन। (ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)ख मा प्राबिधीक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक)मा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानी गर्ने ब्यबस्था रहेको छ।यस पालिकाले साबिकमा ठेक्का लिएको पिस्कर निर्माण सेवाले के कति काम गरेर के कति काम बाँकि रहेको सो किटानी बेगरनै पिस्कर स्वास्थ्य चौकी भबन निर्माण उपभोक्ता समुह संग यस आ.ब.०७८।०७९मा रु२६,९५,७३६।मा सम्झौता गरी निर्माण कार्य शुरु गरीएकोमा रु१०,०२,३५१।को मात्र काम गरेर सम्झौता अनुसारको काम पुरा गरेको पाईएन। (ग) यस पालीकामा पुग्ने ३/४वटा बाटाहरु भएतापनि बर्षादको सिजनमा कुनै (एक)१ वटा बाटो पनि भरपर्दो नभएको अबस्थामा बन्ने क्रममा रहेको स्वास्थ्य भबनमा आ.ब ०७९/०८०मा कार्य सम्पन्न गर्ने गरेर बजेटको प्रबन्ध नगरेकोले पालीकामा आकस्मीक रुपमा स्वास्थ्य उपचार पाउनसक्ने स्थिती रहेको छैन।	
७८			**उपभोक्ता समिति मार्फत कार्य**	
७८.१			विशेष अनुदान सम्बन्धि (तेस्रो संसोधन) कार्यविधि, २०७७ को दफा ८ (२) मा विशेष अनुदानबापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजना/कार्यक्रममा खर्च गर्न पाइने छैन भन्नेप व्यवस्था रहेको छ । पालिकाले यस वर्ष प्रदेश सशर्त तर्फको विशेष अनुदानबाट प्राप्तव बजेटबाट मूलाबारी टेकानपूर खानेपानी योजना संचालन गरेको देखियो । पालिकालाई प्रदेश सशर्त विशेष अनुदान तर्फ रु.६० लाख प्राप्त गरेको देखियो । अनुदान रकममा रु.६० लाख मध्येमा बजेटबाट मूलाबारी टेकानपूर खानेपानी योजनामा रु.२२२०३०८ को पालिकाले आफैले ठेक्का व्यवस्थापन मार्फत खानेपानी पाइप लगायतका सामाग्रीहरु खरिद गर्न बजेट बिनियोजन गरेको देखियो । त्यस्तै गरी रु.३७७९६९२ मध्ये कन्टिन्जेन्सी	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बापत रु.११३३९०.९७ कट्टी गरी बाकी रकमको खानेपानी योजना तर्फको लेयिङ तथा अन्य कार्यहरु गर्नको लागि को रु.४०८४२५३ लागत अनुमान तयार गरेकोमा सो लागत अनुमानमा अनुदानतर्फको रकम रु.३६६६३०१.१७ (८९.७७%) र उपभोक्ता समिति तर्फको योगदान रु.४१९९५१.७९ (१०.२३%) रहेको देखियो ।</td><td></td></tr>
<tr><td>७८.२</td><td></td><td></td><td>पालिकाले उपभोक्ता समिति मार्फतको कार्यतर्फ रु.३३३२२५१।८७ को कार्यसम्पन्न प्रतिवेदन पेश भइ गो.भौ.नं. मिति २२।०७९।३।८ मार्फत सम्बन्धित उपभोक्ता समितिलाई रु.२९९१२५४ भुक्तानी गरेको देखियो । ठेक्का व्यवस्थापन गरी संचालन गर्नुपर्ने योजना उपभोक्ता समितिमार्फत संचालन भएको देखियो । तसर्थ कार्यविधिमा तोकिए अनुसार उपभोक्ता समितिमार्फत संचालन हुने आयोजनामा खर्च लेखेको नियमसम्मत नदेखिएको रु.</td><td>२,९९१,२५४</td></tr>
<tr><td>७९</td><td></td><td></td><td>सोझै खरिद
सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आपूर्तकबाट एकै पटक वा पटक पटक गरी रु ५ लाख भन्दा बढि सोझै खरिद गर्न नहुने व्यवस्था छ। बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपुर्ती गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा कार्यालय सामान रु६,६५,५१३।,फर्निचर रु ११,४९,००४, पटक पटक ५ लाखको सिमा नघाई सोझै खरिद गरेको देखियो । पालिकाले खरिद ऐन तथा नियमावलीको पालनामा जोड दिनुपर्दछ । केही उदाहरणहरु
<table>
<tr><td>गो भौ नं मिति</td><td>आपूर्तकको नाम</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>२५७।०७९।२।१६</td><td>Empact office solution</td><td>कम्प्यूटर</td><td>१,४६,९००।</td></tr>
<tr><td>३६१-०७९।३।२२</td><td>मञ्जुश्री स्टेशनरी एण्ड जनरल सप्लायर्स</td><td>कम्प्यूटर</td><td>१,५९,६१३।</td></tr>
<tr><td>३६६-०७९।३।२२</td><td>बि.एस.इम्पेक्स</td><td>Office bag</td><td>३५९०००।</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>कार्यालय सामान</td><td></td><td>६,६५,५१३।</td></tr>
<tr><td>३३।०७८।९।१९</td><td>प्यासिफिक फर्निचर</td><td>फर्निचर</td><td>२९८३२०।</td></tr>
<tr><td>३७।०७८।१०।५</td><td>गौरी शंकर स्टील</td><td>फर्निचर</td><td>४१२५५०।</td></tr>
<tr><td>३७।०७८।१०।५</td><td>मञ्जुश्री स्टेशनरी</td><td>दराज आदी</td><td>२३७३०।</td></tr>
<tr><td>२५९।०७८।२।१९</td><td>प्यासिफिक फर्निचर</td><td>फर्निचर</td><td>६४४१०।</td></tr>
<tr><td>३६४।०७९।३।२२</td><td>पञ्चेश्वर जनरल सप्लायर्स</td><td>फर्निचर</td><td>३४९९९४।</td></tr>
<tr><td></td><td>फर्निचर जम्मा</td><td></td><td>११,४९,००४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>
टुक्रे खरिद
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपुर्ती गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा टुक्रे खरिद गरेको देखियो । पालिकाले खरिद ऐन तथा नियमावलीको पालनातर्फ जोड दिनुपर्दछ । केही उदाहरणहरु
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>खर्च शीर्षक</th><th>सप्लायर्स</th><th>खरिद सामाग्री</th><th>रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			२८०।०७९।३।१७	स्थानीय तहका स्वास्थ्य संस्थाको तलबभत्ता लगायत प्रशासनिक खर्च	पाथीभरा मेडिसिन एडं सप्लायर्स प्रा.लि.	स्वास्थ्य सामाग्री	४२०२४०	
					सेतीदेवी मेडिसिन सप्लायर्स	स्वास्थ्य सामाग्री	२२०६८९	
			१७१।०७८।१२।१०		के.पि. ईन्टरप्राइजेज	स्वास्थ्य सामाग्री	१८०००९	
			८७।०७८।१०।५		नासा मेडिको सप्लायर्स	स्वास्थ्य सामाग्री	४९८१६०	
			१११।०७८।११।३	आयूर्वेद औषधालयको तलब भत्ता तथा कार्यक्रम बजेट	गौतम आयुर्वेद फर्म	स्वास्थ्य सामाग्री	४००१३०	
			२६।०७८।७।१४	आयूर्वेद औषधालयको तलब भत्ता तथा कार्यक्रम बजेट	कुलराज आयुर्वेद	स्वास्थ्य सामाग्री	४८६६९५	
			२९।०७८।७।१४	आयूर्वेद औषधालयको तलब भत्ता तथा कार्यक्रम बजेट	प्राकृतिक हर्बास्युटिकल प्रा.लि.	स्वास्थ्य सामाग्री	११३८६८	
					सर्जिल्याब मेडिटेक कन्सन	स्वास्थ्य सामाग्री	४८१८०	
					प्राकृतिक हर्बास्युटिकल प्रा.लि.	स्वास्थ्य सामाग्री	११९८५०	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५८।०७८।९।१४</td><td>मातृ तथा नवशिशु कार्यक्रम</td><td>बासुकी मेडिसिन सप्लायर्स</td><td>स्वास्थ्य सामाग्री</td><td>२०९३२३</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२६९७१४४</td></tr>
</table></td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>अग्रिम कर नकाटी भुक्तानी
..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२० को निर्णयबाट रु. ३०८६१।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>पेस्कीको अभिलेख
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(२) मा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन र अन्य व्यक्ति हकमा सो व्यक्तिको ३ पुस्ते स्थायी र अस्थायी ठेगाना प्रष्ट लेखी पेश्की दिनुपर्ने व्यवस्था छ ।पालिकाले गत बिगत दिएको पेश्कीबाट यो बर्ष रहेको फछ्र्यौट घटाई बाँकी देखिने स्पष्ट पेश्की खाता राखेको छैन ।पालिकाले एउटा पेश्की फछ्र्यौट नहुँदै पुनः पेश्की दिने गरेको, पेश्कीको अभिलेख नराख्ने गरेको पाइयो । पेश्की खाताको अभावमा पेश्की अनुगमनमा समस्या देखिएको छ । बिगत देखि लिएको पेश्कीको लगत अद्यावधिक गरी पुराना पेश्कीहरु फछ्यौट गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>पेस्की बाँकी
पालिकाले पेश गरेको वित्तिय प्रतिवेदन मलेप फा नं. २७२ को अनुसुचि २३ र सो को अभिलेख अनुसार पालिकाको कुल हालसम्मको पेश्की बाँकी रु६२,६२,६८८.७ देखिएको छ । उक्त बाँकी पेश्की मध्ये म्याद ननाघेको पेश्की रु.६१,६२,६८८.७ र म्याद नाघेको पेश्की १००००० देखिन्छ । मिति २०७७।१०।९ बाट लागु भएको अर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ वमोजिम म्याद ननाघेको चालु आ.ब. देहाय बमोजिमको फछ्यौट हुन बाँकी मोबिलाइजेसन पेश्की रु.६१,६२,६८८.७ देखिन्छ ।उक्त म्याद नाघेको पेस्की फस्यौंट हुनुपर्ने रु.</td><td>१००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.स.</td><td>पेश्की प्रकार</td><td>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td>पेश्की लिएको मिति</td><td>पेश्की रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>मोबिलाइजेसन पेश्की</td><td>ड्रागन - निशान - विष्णु जे.भी.</td><td>०१/०४/२०७८</td><td>६१,६२,६८८.७</td><td>म्याद ननाघेको</td></tr>
<tr><td></td><td></td><td></td><td>म्याद ननाघेको जम्मा</td><td>६१,६२,६८८.७</td><td></td></tr>
<tr><td>१</td><td>व्यक्तिगत</td><td>पदम बहादुर शाही</td><td>१३/०८/२०७८</td><td>१,००,०००</td><td>म्याद नाघेको</td></tr>
<tr><td></td><td></td><td></td><td>म्याद नाघेको जम्मा</td><td>१०००००</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>कुल जम्मा</td><td>६२,६२,६८८.७</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>